कालिका नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, रेडक्रसग्राम चितवनद्वारा आयोजित

सार्वजनिक सुनुवाई (२०८०/०४/०१ देखी २०८०/०७/२३) कार्यक्रममा

कालिका नगरकार्यपालिकाको कार्यालयद्वारा सम्पादन गरिएका कार्यहरुको सार्वजनिकीकरण कार्यक्रमको

# प्रतिवेदन

स्थानीय तहबाट संचालन गरिने विकास निर्माणको कार्य तथा नगरपालिका तथा वडा कार्यालयहरुबाट सार्वजनिक सेवा सम्पादन गर्दा आईपरेका समस्या र समाधानका सम्बन्धमा सेवा प्रदायक र सेवाग्राही नागरिकहरुका बिचमा दोहोरो सम्बाद स्थापित गरि नगरको विकास र सम्बृद्धिका प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमबाट सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारी संस्कार बसाउन सार्वजनिक सेवा प्रदान गर्ने निकायले चौमासिक रुपमा सेवाग्राहीको राय बुझ्ने सजिलो माध्यमको रुपमा सार्वजनिक सुनुवाई गर्ने गरिएको छ।

स्थानीय तहबाट संचालित विकास निर्माणका कार्यक्रम लगायत उपलब्ध सेवा बस्तु र सुबिधाका बिषयमा सार्वजनिक गरि त्यस्ता विषयका सम्बन्धमा सार्वजनिक स्थलमा नै नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरि सोहि बमोजिम सेवा प्रवाह मार्गदर्शन हुने बिश्वास लिईएको छ। कालिका नगरपालिकाले आर्थीक वर्ष २०८०/०८१ को **प्रथम चौमासिक** सार्वजनिक सुनुवाई कार्यक्रम यहि २०८० **कार्तिक** २३ गते **बिहिबार** दिनको १ बजे कालिका नगरपालिका वडा नं. ११ को कार्यालय प्राङ्गड मा संचालन भएको थियो।

सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्दा देहायका उदेश्य लिईएको थियो, सो अनुसार निम्न बमोजिम कार्यहरु सम्पन्न भएका थिए।

कालिका नगरकार्यपालिकाको कार्यालयबाट **आ.व.२०८०/८१ को कार्तिक मसान्त** सम्म संचालन भएका गतिविधिहरुको जानकारी एबम सार्वजनिकीकरण प्रमुख प्रशासकीय अधिकृत श्री चुडमणी शर्मा गौतमले गर्नुभएको थियो, सो प्रतिवेदन यस प्रकार रहेको छ।

1. पृष्ठभूमिः

सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ को दफा ३, सुशासन (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०६५ नियम १९ र प्रदेश सुशासन ऐन, २०७७ को दफा ३१ बमोजिम यस कालिका नगरपालिकाद्वारा मिति २०८०/०४/०१ देखी आज मिति २०८०/०७/२३ गते सम्म सम्पादन गरेका काम कारवाहीलाई स्वच्छ, पारदर्शी, वस्तुनिष्ठ बनाउन, सरोकारवालाहरूको कानूनसम्मत सरोकारलाई सम्बोधन गर्न यो सार्वजनिक सुनुवाई आयोजना गरिएको छ।

यस सार्वजनिक सुनुवाई मार्फत नगरपालिका र नगरबासी बिच दोहोरो सम्वाद स्थापित भई नगरपालिकाको कार्यसम्पादन पारदर्शी, गुणस्तरीय, प्रभावकारी बनाउन नगरबासीको रचनात्मक प्रतिनिधित्व र जिम्मेवारीको बोध गराउने र नगरपालिकाले प्रश्न, जिज्ञासा तथा गुनासोहरुको सम्बोधन गर्दै सेवा प्रवाह र विकास निर्माणका कार्यमा थप रचनात्मक सल्लाह, सुझाव प्राप्त गर्ने अपेक्षा गरिएको छ।

2. मोडरेटरः प्रकाश चन्द्र पौडेल, सन्त कुमार महतो
3. समयः दिनको १ बजे
4. स्थानः वडा न. ११ वडा कार्यालय भवन परिसर
5. उद्धेश्यः यस सार्वजनिक सुनुवाई कार्यक्रमका उद्धेश्य देहाय बमोजिम हुनेछन्:
   1. चालु आर्थिक वर्ष ८०/८१ को प्रथम चौमासिक भरिमा नगरपालिकाद्वारा सम्पादित कार्यहरूको सर्वसाधारणको जानकारीका लागि सार्वजनीकरण गर्ने ।
   2. नगरपालिका र स्थानीय नागरिकहरू, सरोकारवालाहरूसँग दोहोरो संवाद स्थापित गर्ने ।
   3. सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित सरोकारवाला नागरिकका प्रश्न, गुनासो तथा जिज्ञासाको सम्बोधन गर्ने ।
   4. आगामी दिनमा कालिका नगरपालिकाबाट प्रभावकारी सेवा प्रवाह, विकास निर्माण तथा प्रशासनिक कार्य अगाडि बढाउन उपस्थित सरोकारवालाको राय, धारणा तथा सुझाव सङ्कलन गर्ने ।
   5. सरोकारवालाको गुनासो यथासम्भव सम्बोधन गर्ने/गराउने
6. सार्वजनिक सुनुवाई कार्यक्रममा आज सार्वजनिक हुने विषयहरू

क) <u>अघिल्लो सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धताहरू र सो को कार्यान्वयन अवस्थाः</u>

१. कार्यालयको सेवा प्रवाहलाई बढी जनमुखी तथा पारदर्शी र मुस्कान सहितको सेवालाई प्रभावकारी बनाईने छ ।

क. सेवा प्रवाह लाई प्रभावकारी बनाउन सम्पत्ति कर वडाबाट नै संकलन गर्ने कार्यलाई ७ वटा वडामा पुर्याएको र बाकी वडामा क्रमश हस्तान्तरण गर्दै लगिनेछ |

ख ) कार्यालयमा सेवाग्राही कक्ष (help desk) बाट निवेदन लेखन, फोटोकपी उपलब्धता तथा कार्यालय संग सम्बन्धित जानकारी प्रदान गर्ने गरिएको |

ग ) नागरिक अभिमत बाट प्राप्त सुझाव कार्यन्वयन गरिएको |

२. आगामी सार्वजनिक सुनुवाईलाई बढी सहभागीता गराई गुणस्तरमा जोड दिइने छ ।

क) यस पटक कालिकाको बिकासको पछाडि परेको चेपांग समुदायको विकास सम्बन्धि राय बुझ्ने कार्यको थालनी गरिएको |

ख) प्रचार प्रसारको लागि मईकिंग कालिका नगरपालिका क्षेत्रभित्र गरिएको |

ग) वडा स्तरमा पनि प्रचारका लागि सहजीकरण गर्न पत्राचार गरिएको |

घ) कार्यालयको facebook तथा website मा सूचना राखिएको |

३. सार्वजनिक सुनुवाईमा प्राप्त सुझावहरुलाई कार्यान्वयनमा जोड दिइने छ।

सार्वजनिक सुनुवाई कार्यक्रममा प्राप्त रचनात्मक सुझावहरुलाई क्रमश कार्यान्वयन गरिएको र आगामी दिनमा पनि गरिदै लगिने छ |

४. कालिका नगरपालिकाको कार्यक्रममा सीप विकास आय-आर्जनका कार्यक्रमहरु संचालन गर्नका लागि नीतिहरु तय गरी संचालनमा ल्याइने छ।

क) कालिका नगरपालिकाबाट विभिन्न सीप विकास कार्यक्रम संचालन गर्न रकम बिनियोजन गरि चालु आर्थिक वर्षमा करिव १५० जनालाई स्व -रोजगार तालिम उपलब्ध गराउने गरि कार्यक्रम संचालन भई रहेको |

ख) नगरपालिकाबाट बिगतमा सीप विकास तालिम लिई उद्यमी भएका व्यक्तिहरुलाई स्तरोन्नति र प्रविधि हस्तान्तरण गर्न रकम बिनियोजन गरिएको |

हाम्रा थप प्रतिवद्धता

१. संघ , प्रदेश ,स्थानीय तह र अन्य निकायसंग सहकार्य गरी विकास निर्माण कार्यलाई अघि बढाईने छ |
नेपालमा ३ तहको सरकार विद्यमान रहेको अधिकार र काम कर्तब्यको क्षेत्रहरुमा पनि समन्वय,सहकार्य,सह अस्तित्वलाई स्वीकार गर्दै विकास निर्माणका कार्यहरुलाई अगाडि बढाईएको र पालिकाहरु बीच पनि समन्वय र सहकार्यमा कार्यहरु भईरहेको छ।

२. बिधुत प्राधिकरणसंग अधुरा तथा पहुच नपुगेका स्थानहरुमा लाईन विस्तार कार्यलाई अगाडि बढाईने छ |

३. नगरको फोहर व्यवस्थापनका लागि उपयुक्त स्थान खोजि कार्य भई रहेकोले छिट्टै कार्यान्वयनको चरणमा लगिने छ |

ख . प्रथम चौमासिक अवधिमा भए गरेका कार्यहरु:-

१. नगरपालिकाको प्रमुख कार्य दैनिकी सेवा प्रवाह हो। यसको लागि नगरपालिका र वडा कार्यालयहरूबाट नियमित पञ्जीकरण, सिफारिस, तथा अन्य सेवाहरू उपलब्ध भईरहेको छ।

२. अधुरा तथा स्वीकृत योजना निर्माण कार्य समयमा सम्पन्न गराउने गरी कार्यक्रम गरिएको। चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम वाईस वटा योजनाको बोलपत्र निस्कासन गरिएको छ |

३. रासायनिक मल सहज रुपमा आपूर्ती तथा बिक्रि वितरणको व्यवस्था मिलाईएको।

४. जग्गा बर्गीकरणको मापदण्ड तयार गरिएको छ। कालिका नगरपालिकाका प्रत्येक कित्तालाई नक्शाङ्कन नै गरी बर्गीकरण गर्नु पर्ने भएकोले सोको लागि अस्थाई रुपमा वडालाई अधिकार प्रत्यायोजन गरि सरलीकृत गरिएको छ।

५. चालु आ व को प्रथम त्रैमासिकको सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको बैंक खातामा जम्मा गरि वितरणको व्यवस्था मिलाईएको छ।

६. सहकारीमा कार्यरत व्यवस्थापक तथा सूचनामा कार्य गर्ने कर्मचारीलाई कोपोमिस सम्बन्धि तालिम उपलब्ध गरीएको |

७. ३३ जना महिलाहरुलाई उद्यमशिलता तालिम उपलब्ध गरीएको |

शाखागत प्रगति प्रस्तुतिः

प्रशासन शाखाः

दरवन्दी तथा पदपुर्ति अवस्थाः

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| स्थायी कर्मचारीहरु नगरपालिकाको कार्यालय र वडा कार्यालयतर्फ | | | | | करार सेवातर्फ | | |
| | जम्मा दरबन्दी | पदपुर्ति | रिक्त | बढी पदपुर्ति | १ | नगरपालिका तथा वडातर्फ | ४६ |
| जम्मा | ५९ | ४४ | १४ | २ | २ | स्वास्थ्यतर्फ | ४३ नगर अस्पतालसमेत |
| स्वास्थ्यतर्फ नगर अस्पताल, स्वास्थ्य चौकी र प्रास्वाके समेत | | | | | ३ | ज्यालादारी | १२ |

| | जम्मा दरबन्दी | पदपुर्ति | रिक्त | बढी पदपुर्ति |
|---|---|---|---|---|
| | ३१ | ३३ | ० | ३ काजसमेत |
| जम्मा | ९० | ७७ | १४ | ५ काजसमेत |

| | | |
|---|---|---|
| ४ | जम्मा | १०१ |

जम्मा कर्मचारी संख्याः १७८
केही दरवन्दीमा अधिक पदपुर्ति तथा केही अत्यावश्यक पद रिक्त छन् । वडा नं. ३ र ७, ८ र ९ तथा १० र ११ मा ३ जना सचिवबाट संचालित छन् । प्रदेश लोक सेवा आयोगमा जम्मा १३ जना कर्मचारीहरु माग गरिएको । एकजनालाई सरुवा सहमति प्रदान गरिएको छ । नयाँ O&M गरी व्यवस्थित गर्नु पर्ने ।

कार्यपालिका बैठकः बैठक संख्या र निर्णयः ४ वटा बैठक सम्पन्न (मुख्य निर्णयहरु:)

1) कालिका नगरपालिकाको विद्यालय शिक्षक तथा कर्मचारीको काज सरुवा सम्बन्धी मापदण्ड, २०८० स्वीकृत
2) बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० स्वीकृत
3) कालिका नगर कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० स्वीकृत
4) नगर दररेट २०८०/८१ स्वीकृत
5) भवन अभिलेखीकरणको कार्य सुरुवात

राजश्व उपशाखाः प्रथम चौमासिक अवधिमा आन्तरिक आम्दानी रु १ करोड ५६ लाख ४७ हजार ५ सय ६४ मात्र |

व्यवसाय कर र घर बहाल कर न्यून मात्रामा सङ्कलन भएको छ । बजार अनुगमन प्रभावकारी गराउने र स्थलगत मै गई व्यवसाय दर्ता गर्ने तयारीमा छौ ।

नगरबासीले तिरेको कर नगरकै विकासमा लाग्ने हुदा व्यवसाय कर तिर्न, घरबहाल कर तिर्न आम नगरवासीहरुमा अनुरोध गर्दछौं ।

महिला बालबालिका तथा सामाजकल्याण शाखाः

1. सामाजिक सुरक्षा भत्ता वितरणः

| वर्ग (प्रथम त्रै) आ.व ०८०/८१ | जेष्ठ | जेष्ठ दलित | जेष्ठ एकल | विधवा | अपाङ्गता क | अपाङ्गता ख | दलित वालवालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| नयाँ थप | ७१ | १० | ४ | १७ | ४ | ९ | १३ | १२८ |
| जम्मा | २८०० | ११९ | ३२६ | ६१४ | ८० | २३१ | १७६ | ४३४६ |

- ✔ लगत कट्टा १८ जना
- ✔ जम्मा वितरित भत्ताः ४ करोड ४४ लाख ३७ हजार २ सय ६० । (रु ४४४३७२६०।- )

2. अपाङ्गता परिचयपत्र वितरणः

| वर्ग | क | ख | ग | घ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| चालु चौमासिक | ५ | ७ | ४ | - | १६ | ग वर्गको सामाजिक सुरक्षा भत्ता८९जना विवरण सङ्कलन गरि चौमासिक अनुसार भत्ता वितरण गरिएको । |
| हालसम्म जम्मा | ७८ | २२५ | ९७ | २४ | ४२४ | |

3. अन्य सम्पादित कार्यहरूः

- ✔ जेष्ठ नागरिक ६० वर्ष माथि परिचयपत्र वितरणः आ.व २०८०/०८१ मा ६५जना गरि हालसम्म जम्मा २२४२ जना ।
- ✔ जेष्ठनागरिक र पुस्तान्तरण वीच अनुभव आदान प्रदान/ अवलोकन भ्रमण/३३औ जेष्ठनागरिक दिवस सम्पन्न(१९९जना लाभान्वित।
- ✔ महिलाहरुको क्षमता विकास एवं हरितालिका तिज बिशेष कार्यक्रम प्रथम चौ.सम्पन्न (४७५जना लाभान्वित)।
- ✔ दिवसीय कार्यक्रम अन्तर्गत बालदिवसको अवसरमा चित्रकला लेखन,वतृत्वकला प्रतियोगिता सम्पन्न (१४३जना लाभान्वित)।
- ✔ मानव बेच बिखन ओसारपसार बिरुद्धको १७औ राष्ट्रिय दिवसमा ( भाद्र २०) प्रशिक्षण /अन्तर्कृया कार्यक्रम (७८ जना लाभान्वित)।
- ✔ अपाङ्गता परिक्षण तथा अपाङ्गता परिचय पत्र वितरण प्रथम चौमासिक १६जना (कुलजम्मा ४२४जना लाभान्वित)।
- ✔ आमा बाबु विहिन वालबालिकालाई संरक्षण भत्ता वितरणका लागी बैठक सम्पन्न (६जना लाभान्वितका लागी भुक्तानी प्रकृयामा)।

घटना दर्ताः (२०८० साल श्रावण १ गते देखि २०८० साल असोज ३० सम्म)

| जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्य को संख्या | दर्ता संख्या | सदस्य को संख्या | |
| १३७ | १४० | २७७ | ४० | ३६ | ७६ | २० | ९८ | ८० | २२० | ४२ | १०८ | ५९३ |

न्यायिक समिति तर्फ

न्यायिक समितिको बैठकः नियमित बैठक वस्ने गरिएको, यो अवधिमा ८।

नगर स्तरमा १० वटा मुद्दा दर्ता भएकोमा सो मध्ये ५ वटा मिलापत्र भएको। ( सम्झौता अनुसार कार्य गर्ने गरी २ वटा , लेनदेन सम्बन्धी २, सार्वजनिक स्थल डिपवोरिङ्ग सम्बन्धमा १ वटा) र ५ वटा मुद्दा छलफलको क्रममा रहेको।

राजपत्र प्रकाशनः २ वटा कानून राजपत्रमा प्रकाशन भएको।

योजना तथा अनुगमन उपशाखा

क. वडा गत योजना संख्या र कार्यान्वनको अवस्थाः

| सि.नं. | वडा नं. | संझौता भएका योजना संख्या | भुक्तानी भएका योजना संख्या |
|---|---|---|---|
| १ | १ | ० | ० |
| २ | २ | १ | ० |
| ३ | ३ | १ | ० |
| ४ | ४ | ० | ० |
| ५ | ५ | २ | १ |
| ६ | ६ | ० | ० |
| ७ | ७ | ३ | १ |
| ८ | ८ | ० | ० |
| ९ | ९ | ० | ० |
| १० | १० | २ | 0 |
| ११ | ११ | १ | 0 |
| | | १० | २ |

२ वटा उपभोक्ता समितिले ८ लाख ३१ हजारको कार्य सम्पन्न गरेका।

पुर्वाधार बिकास साखा

पुरानो अधुरो योजनाहरु कार्यान्वयनको अवस्था

| सि. नं | योजनाको नाम | | कैफियत निर्माण ब्यवसायी |
|---|---|---|---|
| १ | खोलेसिमल गुरौचौर कुमालगाउ कालोपत्रे (पहिलो पार्ट) | म्याद थप पछि सुरु नभएको (बेश सम्म कार्य भएको) निर्माण ब्यबसायी संपर्कमा नरहेकोले निर्माण ब्यबसायीलाइ कार्यवाही प्रकृय अगाडी बढेको | अनेष्ट |
| २ | प्रशासकीय भवन | निर्माण भइ रहेको (finishing कार्य बाँकि) | रविना |
| ३ | विभिन्न कल्भर्ट | कार्य गर्न सुरु नभएको (१४ वटा कल्वार्ट मध्य ६ वटा निर्माण भएको, ५ वटाको स्लब ढलान बाँकी र ३ वटाको सुरु नभएको) निर्माण ब्यबसायी संपर्कमा नरहेकोले निर्माण ब्यबसायीलाइ कार्यवाही प्रकृय अगाडी बढेको | सेक्टर |
| ४ | गोपी लामाको घर देखि उदयपुर सामुदायिक वनसम्म कालोपत्रे | (कार्य सुरु नभएको) सब बेश सम्म कार्य भएको र थप कार्य सुरु नभएको र ठेकदार सम्पर्कमा नरहेको निर्माण ब्यबसायी संपर्कमा नरहेकोले निर्माण ब्यबसायीलाइ कार्यवाही प्रकृय अगाडी बढेको | अर्भान |
| ५ | वडा नं. ८ को वडा कार्यालय भवन | कार्य सुरु नभएको (DPC सम्म कार्य भएको) राष्ट्रिय बन क्षेत्रमा भवन निर्माण कार्य गरेको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरि पश्चात डिभिजन बन कार्यालयले निर्माण कार्यमा रोक लागाएकोले निर्माण कार्य रोकिइरहेको | स्काइलाइन |
| ६ | भिम वहादुर थापाको घर देखि २ नं. वडा कार्यालय अगाडी वाटो कालोपत्रे | कार्य सुरु नभएको (वेश सम्म कार्य भएको) पुनः म्याद थप सम्बन्धी सार्वजनिक खरिद अनुगमन कार्यालयको सूचना आएको। | पाण्डे |
| ७ | तुलसी खनालको घर देखि भिम पनेरुको घरसम्म कालो पत्रे | कार्य सुरु नभएको (सब बेश सम्म कार्य भएको) निर्माण ब्यबसायी संपर्कमा नरहेकोले निर्माण ब्यबसायीलाइ कार्यवाही प्रकृय अगाडी बढेको | अर्भान |
| ८ | मदन आश्रीत चोक देखि पश्चिम कविता न्यौपानेको घर सम्म | कार्य सुरु नभएको ( बेश सम्म कार्य भएको) निर्माण ब्यबसायी संपर्कमा नरहेकोले निर्माण ब्यबसायीलाइ | अर्भान |

| | | | |
|---|---|---|---|
| | कालोपत्रे | कार्यवाही प्रकृय अगाडी बढेको | |
| ९ | गढुवा चोक त्रिवेणि चोक नव मिलिजुली चोक वाटो मर्मत | कार्य सुरु नभएको (करिव ७०० मि प्रि मिक्स गरेको बाँकि १४०० मि बाँकी)<br>निर्माण ब्यबसायी संपर्कमा नरहेकोले निर्माण ब्यबसायीलाइ कार्यवाही प्रकृय अगाडी बढेको | प्रशंशा |
| १० | सुन गुरौको घर देखि अजम्वरे टोल कालोपत्रे (पहिलो पार्ट) | कार्य सुरु नभएको ( बेश सम्म कार्य भएको)<br>सम्मानित जिल्ला अदालत को निर्णयका कारण निर्माण कार्य अवरुद्ध भएको मा अदालतको आसेश पश्चात कार्यालयको निर्णय अनुसार निर्माणकार्य सुचारु नगरेकाले निर्माण ब्यबसायीलाई कार्यवाही प्रकृय अगाडी बढेको ।<br>निर्माण ब्यबसायीले ठेक्का तोडी पाँउ भनी नेपाल मध्यस्थता परिषदमा निबेदन गरेको । | पाण्डे |
| ११ | सुन गुरौको घर देखि अजम्वरे टोल कालोपत्रे (दोस्रो पार्ट) | केहि भागमा कालोपत्रे कार्य बाँकि रही अरु भागमा कालोपत्रे सकिएको (अन्दाजी ८०% कार्य सकिएको)<br>सम्मानित जिल्ला अदालत को निर्णयका कारण निर्माण कार्य अवरुद्ध भएको मा अदालतको आसेश पश्चात कार्यालयको निर्णय अनुसार निर्माणकार्य सुचारु नगरेको।<br>निर्माण ब्यबसायीले ठेक्का तोडी पाँउ भनी नेपाल मध्यस्थता परिषदमा निबेदन गरेको । | पाण्डे |
| १२ | सुन गुरौको घर देखि अजम्वरे टोल कालोपत्रे | कार्य सुरु नभएको (अन्दाजी ९५% कार्य सकिएको)<br>पुनः म्याद थप सम्बन्धी सार्वजनिक खरिद अनुगमन कार्यालयको सूचना आएको । | हाइवे |
| १३ | वडा नं. १० को वडा कार्यालय भवन निर्माण | निर्माण कार्य सम्पन्न । | प्रसाद दुर्गा |
| १४ | भिम चापागाइको घर देखि उत्तर, पुष्प वहादुर तमाङको घर देखि, त्रिनेत्र गुम्वा, ओम शान्ती मार्ग कालोपत्रे | निर्माण कार्य सम्पन्न । | आर एस |
| १५ | ढोकुन थार्वालिङ गुम्वा भवन निर्माण | निर्माण भइरहेको (अन्दाजी ४० प्रतिशत भौतिक कार्य भएको)<br>संस्कृति तथा पर्यटन मन्त्रालयबाट बजेट नआउदा कार्य | ड्रयागन |

| | | | |
|---|---|---|---|
| | | रोकिएको | |
| १ ६ | विभिन्न वाटोहरु मर्मत ( सडक वा ्ेर्ड) | निर्माण कार्य सम्पन्न । | जय भगवती |

आ. व. २०८०/८१ ठेक्का प्रकृया बाट योजनाहरू कार्यान्वयनको अवस्था

योजनाहरु एकिकृत गरी वा एकल रुपमा ठेक्का प्रकृयाका लागि सूचना गरिएका योजनाहरु

| सि.नं | योजनाको नाम | |
|---|---|---|
| २०८०/०७/ २३मा ठेक्का खोल्ने योजनाहरु | | |
| १ | वडा नं २ का बिभिन्न बाटो कालो पत्रे योजना | खण्ड १-कमलपुर अमृत शान्ति बलरामपुर टोल सिमना सडक कालोपत्रे वडा नम्बर २<br>खण्ड २-कमलपुर अमृत शान्ति बलरामपुर टोल सिमना सडक कालोपत्रे<br>खण्ड ३- महिला सञ्जल र कबर्ड हल अगाडिको बाटो कालोपत्रे<br>खण्ड 4-सुमन महतोको घर देखी पानी टँकी कल्भर्ट सम्म सडक स्तरउन्नती<br>खण्ड ५-चितवन जिला कालिका ना.प.२.जितपुर र सहपुरको सडक स्तरउन्नती |
| २ | वडा नं ३ का बिभिन्न बाटो कालो पत्रे योजना | खण्ड १- नारायण गिरिको घर देखी पश्चिम २ नं सिमना सम्मा कालोपत्रे<br>खण्ड २ - बाबा चोक देखी उत्तर गुम्बा चोक सम्मा सडक कालोपत्रे |
| ३ | वडा नं ४ का बिभिन्न बाटो कालो पत्रे योजना | खण्ड १- हरि सापकोटा को घर देखी पश्चिम ठाकुर अधिकारी को घर सम्म कालोपत्रे<br>खण्ड २ - चन्द्रप्रसाद सुवेदी को घर देखी दक्षिण सिमना सम्म कालोपत्रे<br>खण्ड ३ - माइनस १ नं बातो गणेश मन्दिर चोक देखी कमल आचार्य घर सम्म |
| ४ | वडा नं ५ का बिभिन्न बाटो कालो पत्रे योजना | खण्ड १- कालुमाया पाण्डे को घर देखी पूर्ब वोडा नम्बर ४ को सिमना सम्म कालोपत्रे<br>खण्ड २ - आधारभूत विद्यालय ढेढौली देखी उत्तर कालोपत्रे क्रमगत |
| २०८०/०७/ २४मा ठेक्का खोल्ने योजनाहरु | | |

| | | |
|---|---|---|
| १ | वडा नं ७ का बिभिन्न आर सि सि नाला निर्माण योजना | ~ मेघबहादुर के.सी. को घर देखी क्लबचोक सम्मा नला निर्माण,<br>~ मेघबहादुर के.सी. को घर देखी क्लबचोक सम्मा नला निर्माण<br>~ वार्ड नं ७ ताथा सगुनचोक क्लबचोक नाला निर्माण निरन्तरता |
| २ | वडा नं १० को बाटो कालो पत्रे योजना | शिद्धी तीन दोभान देखी वडा नम्बर ११ को कार्यालय पहुच सडक निर्माण |
| २०८०/०८/ ०४मा ठेक्का खोल्ने योजनाहरु | | |
| १ | वडा नं ९ को बाटो कालो पत्रे योजना | साना किसान सहकारी चौक देखी व्हिलर ह्याचरी सम्मा बातो कालोपत्रे |
| २ | वडा नं ८ का बिभिन्न कलभर्ट निर्माण योजना | Project 1- अजिङ्गरे खोला कल्भर्ट निर्माण<br>Project 2- अजिङ्गरे घुमाउने घर कल्भर्ट निर्माण तथा डाँडाँघर खोल्सी व्यवस्थापन तथा स्तरोन्नती |

ठेक्का प्रकृयाका लागि सूचना गर्ने प्रकृयामा रहेका योजनाहरु

| | | |
|---|---|---|
| १ | वडा नं ६ का बिभिन्न बाटो कालो पत्रे योजना | • वडा नं ६ कार्यालय देखि तिवारी चोक सम्म कालोपत्रे<br>• टिकाराम आचार्यको घर देखि कालिका ०२ सिमाना जोड्ने बाटो कालो पत्रे वडा नं ६ |
| २ | वडा नं ८ को बाटो स्तरोन्नति योजना | जुटपानी देखी शक्तीखोर सडक स्तरोन्नती |
| ३ | वडा नं ११ को बाटो स्तरोन्नति योजना | वडा नं ११ वडा कार्यालय देखी मजवाङ हुँदै राप्ती न.पा. ब्रोकास भञ्ज्याङ जोड्ने सडक कालिका ११ |
| ४ | वडा नं १ को बाटो कालो पत्रे योजना | चतुर्मुखी सावउस देखि खुकुरी चोक हुँदै पूर्व बुद्ध चोक सम्म कालो पत्रे |

स्थान निर्क्यौल निर्णय बाँकी रहेको ले DPR हुन नसकी ठेक्का प्रकृया बाँकी रहेका योजना

- कालिका न.पा. १० कयर खोला पुल

IEE र DPR प्रकृया अगडि बढेको योजना - *थाङखोला बुङखोला व्यवस्थापन*

- थाङ्खोलादेखि खगेरी खोलासम्म नदी नियन्त्रण योजना
- थाङखोला बुङखोला व्यवस्थापन

पुर्वाधार निर्माण सम्बन्धी आ. व. २०७९/०८० मा सम्पादित योजनाहरुको विवरण

- सबै वडा कार्यालयहरूलाई पक्की सडकले जोड्ने प्राथमिकता अनुसार वडा नं. १० . ११ चेपाङ्ग मार्गको सिद्धि बजार सम्म १२३० मिटर कालोपत्रे भएको छ। आगामी आवमा वडा नं. ११ कार्यालय सम्म पुर्याउने लक्ष राखि बजेट बिनियोजन गरिएको छ।
- आम भेला, जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय र स्थानीयबासीको समन्वयमा नगर गौरवको योजनाको रूपमा थाङ्ग खोला बुङ्ग खोला व्यवस्थापनको लागि यस वर्षको लागि तोकिएको सबै काम सम्पन्न भएको छ। ७० लाख ४ हजार ४ सय ३० रूपैया खर्च भएको छ। यस योजनाले थाङ्गखोलाका खोलाले कटान गर्न सक्ने ०१४ स्थानमा स्पर निर्माण गरिएको छ भने साघुरो स्थानहरुमा खोली सहज बहाव हुने व्यवस्था मिलाईएको छ।
- आवागमनलाई सहज बनाउन यस अवधिमा कुल १४२९२.३ मिटर कालोपत्रे गरिएको छ। ३१५०६ मिटर ग्राभेल तथा नयाँ सडक विस्तार भएको छ।

<table>
<tr><th rowspan="2">क्रसं</th><th rowspan="2">निर्माण कार्य</th><th rowspan="2">योजना संख्या</th><th colspan="2">निर्माण कार्य</th></tr>
<tr><th>परिमाण</th><th>ईकाइ</th></tr>
<tr><td colspan="5">सडक</td></tr>
<tr><td></td><td>पिच निर्माण</td><td>21</td><td>14292.3</td><td>मिटर</td></tr>
<tr><td></td><td>ग्रेभेल निर्माण</td><td>38</td><td>18266</td><td>मिटर</td></tr>
<tr><td></td><td>नयाँ ट्र्याक निर्माण</td><td>22</td><td>13240</td><td>मिटर</td></tr>
<tr><td></td><td>पिच मर्मत</td><td>3</td><td>1750</td><td>मिटर</td></tr>
<tr><td></td><td>सडक मर्मत</td><td>10</td><td>5332</td><td>मिटर</td></tr>
<tr><td></td><td>सडक सम्बन्धी अन्य निर्माण</td><td>5</td><td>8</td><td>संख्या</td></tr>
<tr><td colspan="5">जम्मा सडक 52880.30 करिव ५३ किमि मर्मत समेत</td></tr>
<tr><td colspan="5">भवन</td></tr>
<tr><td></td><td>स्कुल भवन निर्मान</td><td>13</td><td>5</td><td>संख्या</td></tr>
<tr><td></td><td>स्कुल भवन तला थप</td><td>2</td><td>5</td><td>संख्या</td></tr>
<tr><td></td><td>स्कुल भवन कोठा थप</td><td>2</td><td>5</td><td>संख्या</td></tr>
<tr><td></td><td>स्कुल सौचालय निर्माण</td><td>4</td><td>2</td><td>संख्या</td></tr>
<tr><td></td><td>स्कुल वाल कम्पाउण्ड निर्माण</td><td>6</td><td>822.5</td><td>मिटर</td></tr>
<tr><td></td><td>स्कुल भवन मर्मत</td><td>3</td><td>3</td><td>संख्या</td></tr>
<tr><td></td><td>सामुदायिक / अन्य भवन निर्माण</td><td>20</td><td>13</td><td>संख्या</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | सामुदायिक / अन्य भवन तला थप | 2 | 3 | संख्या |
| | सामुदायिक / अन्य भवन कोठा थप | 6 | 6 | संख्या |
| | सामुदायिक / अन्य भवन मर्मत | 8 | 8 | संख्या |
| | सामुदायिक भवन वाल कम्पाउण्ड निर्माण | 5 | 690.69 | मिटर |
| | भवन सम्बन्धी अन्य निर्माण | 14 | 5 | संख्या |
| जम्मा ८५ वटा सार्वजनिक सामुदायिक तथा सार्वजनिक भवन निर्माण/मर्मत/तला/कोठा थप जस्ता कार्य भएका छन्। | | | | |
| सिंचाई | | | | |
| | नयाँ कुलो निर्माण | 10 | 2204.7 | मिटर |
| | कुलो लाइनिङ | 5 | 1417 | मिटर |
| | डिप बोरिङ निर्माण | 12 | 10 | संख्या |
| | सिंचाई सम्बन्धी अन्य निर्माण | 16 | 532 | संख्या |
| जम्मा ४३ वटा सिचाई प्रणाली सम्बन्धी कार्य भएको छ। | | | | |
| खानेपानी | | | | |
| | खानेपानी नयाँ योजना निर्माण | 13 | 372 | संख्या |
| | खानेपानी योजना बिस्तार | 11 | 4776 | मिटर |
| | खानेपानी योजना मर्मत | 9 | 32 | संख्या |
| | खानेपानी सम्बन्धी अन्य निर्माण | 1 | 1 | संख्या |
| ३४ वटा खानेपानी योजनामा नगरले सहयोग गरेको छ। | | | | |
| | डाइक /इम्ब्याङ्कमेन्ट निर्माण | 6 | 1162.8 | मिटर |
| | ग्याबियन लञ्चिङ एप्रोन निर्माण | 7 | 98 | मिटर |
| | ग्याबियन स्पर निर्माण | 14 | 85 | संख्या |
| | खोला खोल्ने काम | 2 | 2470 | मिटर |
| | नदि नियन्त्रण सम्बन्धी अन्य निर्माण | 1 | 110 | संख्या |
| 30 स्थानमा स्पर निर्माण, ग्याबिन जाली, खोला खोल्ने आदी निर्माण गरी नदी नियन्त्रणको कार्य भएको | | | | |
| ढल निकास | | | | |
| | नयाँ सडक नाला निर्माण | 4 | 712 | मिटर |

| | | | | |
|---|---|---|---|---|
| | सडक नाला लाइनिङ | 1 | 47 | मिटर |
| | ढल निकास सम्बन्धी अन्य  निर्माण | | | संख्या |

विपद् ब्यवस्थापनः

- विपद् व्यवस्थापन कोषबाट बर्षात को कारण क्षती भएको नगरभित्र रहेको विभिन्न बाटोहरुमा  ग्रावेल राखी मर्मत गरिएको ।
- आगलागीबाट भएको क्षतिको लागी परेकाहरु लाई उचित राहत वितरण ।
- वडा कार्यालयहरुको सिफारिसमा विपद्ले क्षति पुर्याएका सडक, सिचाई नाला, घोल, मर्मत तथा सफा गर्न, बाटो खुलाउन नगरको जेसिबी लगाएतका हेभी मेसिन उपकरण २२१.५ घण्टा प्रयोग भएको ।
- सम्भावित मनशून विपद जोखिम न्युनिकरण सम्बन्धमा नगर क्षेत्र भित्रका सम्बन्धित सरोकारवालाहरु,राजनैतिक दलहरु,,सुरक्षा निकायहरु ,सामाजिक संघ-संस्था हरु संग तहगत जिम्मेवारी तथा सम्पर्क गरी सुची तयार गर्ने र प्रतिकार्य योजना तर्जुमा भईहरको
- नियमित बैठक बसी विपद् व्यवस्थापनमा आवश्यक निर्णय हुने गरेको छ । हाल सम्म ९ वटा बैठक बैठक बसी ३८ वटा निर्णय भएका छन् ।

वन तथा वातावरण

- कालिका नगर भित्रको सामुदायिक वनको योजना र कार्यक्रमलाई नगरपालिकामा अभिलेख गरिएको ।
- ठुला आयोजना गर्दा वातावरणीय अध्यनको प्रतिबेदन  स्वीकृत गर्ने कार्य गरिएको ।
- निजी जग्गाबाट माटोजन्य पदार्थ ब्यबस्थापन गर्न व्यवसायीले पेश गरेको वातावरणीय अध्यन प्रतिबेदनको चेक जाच  सम्पन्न भइ      माग भए बमोजिम को परिमाण को उत्खनन्  कार्य छलफल गरी  नियमानुसार अनुमति लीई कार्य सम्पन्न भयको ।
- कालिका नगरपालिका को मुहान दर्ता कार्यबिधि २०७७ अनुसार हालसम्म ६० वोटा मुहान/संस्था दर्ता भयको ।

आर्थिक प्रशासन शाखा  र आन्तरिक लेखापरीक्षण एकाईः

क. हाल सम्मको बजेट खर्चको अवस्थाः

| क्र. स | विवरण | खर्च अनुमान | खर्च रु. | खर्च % |
|---|---|---|---|---|
| १ | चालु खर्च | ४२७००६२५०.०० | ९१७३७१८५१०४ | २१.४८ |
| २ | पुँजित खर्च | ४३४७२९७५० | ३,९१,५४,२६११७२ | ९.०१ |
| जम्मा खर्च | | ८६१७३६०००. | १३०८९१४४६।७६ | १५.१८ |

ख. कालिका नगरपालिकाको संचितकोषको अवस्थाः

| क्र. स | विवरण | प्रस्तावित आय रु. | वास्तविक आय रु. |
|---|---|---|---|
| 1 | समानिकरण अनुदान | | |
| | संघ | १३,४९,००,०००.०० | ३,३७,२५,०००.०० |
| | प्रदेश | १,४१,०१,०००.०० | ३५,२५,२५०.०० |
| 2 | शर्शत अनुदान | | |
| | संघ | २६९६०००००० | ८५९९८०००.०० |
| | प्रदेश | २१९८२००० | ५४९५५००.०० |
| 3 | समपुरक अनुदान | | |
| | संघ | ७५०००००० | ० |
| | प्रदेश | ०० | ० |
| 4 | विशेष अनुदान | | |
| | संघ | १,५०,००,००० | ० |
| | प्रदेश | ० | ० |
| 5 | राजश्व बाँडफाँड | २३,४६,९७,००० | ४०८१५३५७.७१ |
| 6 | आन्तरिक स्रोत | ५००००००००.०० | १५४००००००.०० |
| 7 | गत आ.व को बैंक मौज्दात | ८२४५६००० | ७,४९,६६,२१०.२७ |
| 8 | अन्य संस्थागत आन्तरिक अनुदान | २१५००००० | ० |
| 9 | जनसहभागिता | १००,००,००० | १२५०००.०० |
| | कुल जम्मा | ८६१७३६०००.०० | २६००५०३१७.९८ |

लेखापरीक्षणः

- ✔ कालिका नगरपालिकाको सार्वजनिक लेखा समिति गठन भई समितिले कार्य गरिरहेको । यस आ व मा हाल सम्म २ वटा बैठक सम्पन्न ।
- ✔ महालेखा परिक्षकको कार्यालयमा विभिन्न आ.व को गरी रु.१२,७०,०९,३९७।६२ बेरुजु फर्छौटको लागी पेश भएकोमा गत आ.व मा रु.१०,८३,५८,००० को बेरुजु फर्छौट भएको बाकी वेरुजु फर्छौट प्रकृयामा रहेको ।
- ✔ आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउन कालिका नगरपालिकाको प्रशासनिक खर्च मापदण्ड तथा आन्तरिक नियन्त्रण नियम, २०७९ जारी भई लागु भएको ।

शिक्षा यूवा तथा खेलकुद शाखा

1. विद्यालय संख्याः सामुदायिक ३५ र संस्थागत ११ जम्मा ४६

2. विद्यार्थी संख्याः सामुदायिक ८८७४ र संस्थागत ३७५३ जम्मा १२६२७
3. शिक्षक कर्मचारी संख्याः सामुदायिक तर्फ ३६०
4. यस वर्षको कुल बजेटः सशर्त तर्फ १७, ९२, ०० हजार (२५.५०% मात्र खर्च भएको) र नगरपालिका तर्फ २,५०, ४१ हजार (११.६८% मात्र खर्च भएको)
5. नन बजेटरी कार्यक्रम तर्फ विव्यस गठन, शिक्षक अभिभावक संघ गठन, शिक्षक तथा कर्मचारी करारमा भर्ना, आदि कार्यक्रम आवश्यकतानुसार सम्पन्न गरेको।
6. आर्थिक वर्ष २०७९/०८० को विद्यालयको लेखा परिक्षण प्रतिवेदन सवै विद्यालयहरुको प्राप्त भएको। लेखा परीक्षक नियुक्तीको काम प्रक्रियामा रहेको।
7. शिक्षक तथा कर्मचारीहरुको क्षमता विकाससंग सम्वन्धित तपशिल अनुसारका तालिमहरु सम्पन्न गरेको।
   क) आधारभुत तथा माध्यामिक तहको विद्युतिय हाजिरीको प्रयोग र प्रभावकारिता सम्वन्धी तालिम।
   ख) सिकाई आपुरण तथा द्रुत सिकाई सम्वन्धी प्र.अहरुलाई अभिमुखिकरण तालिम।
8. यस शैक्षिक सत्र २०८० को लागि समयमै वार्षिक शैक्षिक क्यालेण्डर प्रकाशन तथा वितरण गरेको।

9. तीन तह (कक्षा १-५, कक्षा ६-८ र कक्षा ९-१२) सञ्चालित विद्यालयका प्र अ वैठक सम्पन्न गरि शैक्षिक सत्र २०७९ को नतिजा समिक्षा लगायत समसामयिक विषयवस्तु र आगामी शैक्षिक रणनितिको वारेमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको।

10. स्थानीय विषयवस्तुलाई प्रवर्द्धन गर्न स्थानीय पाठ्यक्रम हाम्रो प्यारो कालिका विद्यालय तहका कक्षा ४-८ को समेत पाठ्यक्रम तयार भैसकेको साथै कक्षा १-३ को पाठ्यपुस्तक छपाई कार्य अन्तिम चरणमा पुगेको ।

11. नगर स्वयम सेवक शिक्षक व्यबस्थापन सम्बन्धी सूचना प्रकाशन गरि दरखास्त संकलन गरिएको।

12. जना स का र ६ जना प्रा वि. शिक्षकको आन्तरिक सरुवा गरि व्यबस्थापन गरिएको।

13. वाल दिवश २०८० मा कक्षा ८, १०, १२ मा उत्कृट नतिजा हासिल गरेका विद्यार्थीलाई सम्मान तथा पुरस्कार वितरण गरिएको।

14. भारतको हैदरावादमा भएको दक्षिण एसियाली खेलकुद प्रतियोगितामा सहभागी भई विजेता खेलाडीहरुलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको ।

15. नियमित रुपमा प्र अ वैठक तथा अन्तरक्रिया कार्यक्रमहरु भइराखेको।

16. विद्यालयहरूको आ.व. २०७९/०८० सम्मको बाँकी रहेका बेरुजु सम्परीक्षण भइ वेरुजु फछ्यौट समेत भएको।

17. सम्पूर्ण विद्यालय खातामा जानुपर्ने बिद्यालय ब्यबस्थापन अनुदान / दिवा खाजा अनुदान/ लगायत अन्य अनुदानहरु निकाशा भएको विद्यालयको खातामा पठाइसकेको छ ।

18. केही सामुदायिक विद्यालयहरुमा विद्युतिय-हाजिरी व्यवस्थापन गरिएको , सो कार्यको शाखाबाट नियमित अनुगमन भईरहेको तथा वाकी सामुदायिक विद्यालयहरुमा पनि क्रमश लागू गरिने।

स्वास्थ्य शाखाः

- ११ वटै वडाहरूमा ८० वर्ष माथिका जेस्ठ नागरिक (६८० जना) र तथा रातो कार्ड पाएका (अपाङ्गता भएका) ४८ जना व्यक्तिहरुलाई घरैमा गइ श्रावण र असोज महिनामा स्वास्थ्य परिक्षण गरिएको। स्थानीय जनताहरुबाट राम्रो प्रतिक्रिया प्राप्त भएको।
- क्यान्सर, मृगौला प्रत्यारोपण गरेका, डाएलाइसिस गराईरहेका र मेरुदण्ड पक्षघात भएका विरामीहरूको लागि नेपाल सरकारको तर्फबाट मासिक रू ५ ००० को दरले उपलब्ध हुने उपचार खर्च कालिका नगरपालिका भित्रका ५६ जनालाई असोज महिना सम्मको रु आठ लाख तीस हजार रकम भुक्तानी भएको।

- नगरपालिकाले खरिद गरेर बाढ्नु पर्ने ९८ प्रकारका निःशुल्क औषधी खरिद सम्झौता भई आपुर्तीको क्रममा रहेको ।
- नियमित रुपमा सुत्केरी भएका महिलाहरुलाई घरैमा गई आमा तथा नवशिशु को स्वास्थ्य जांच सेवा दिने ब्यबस्था नियमित रुपमा संचालनमा रहेको ।
- बिपत तथा महामारी नियन्त्रण अन्तर्गत आखा पाक्ने रोगको उपचार गर्न रु ५२८७०।०० को आखाको औक्षधि खरिद गरी वितरण गरिएको ।
- डेंगु रोग नियन्त्रण गर्न प्रत्येक टोल बिकास सस्थाहरुबाट निरन्तर आठ हप्तासम्म लार्भा खोज र नष्ट कार्यक्रम संचालन भएको ।
- डेंगु रोग परिक्षण गर्न रु ८४०००।०० को ३०० थान टेस्ट किट खरिद गरी वितरण गरेको ।
- कालिका नगरपालिका अन्तर्गतका स्वास्थ्य सस्थाहरुको स्वास्थ्य कार्यक्रमहरुको बार्षिक समिक्षा सम्पन्न भएको ।
- शक्तिखोर स्वास्थ्य चौकीमा कुपोषित बच्चाको उपचार गर्नको लागि OTC स्थापना गरी सेवा संचालन शुरु गरिएको ।
- ११ वटा वडाका ७१६ घरधुरीका ३०००२ जना व्यक्तिहरुको नगर प्रमुख बिपन्न स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गर्दा रु २५८५६००।०० (पचिस लाख पचासीहाजर छ सय रुपया ) खर्च भएको ।
- नागरिक आरोग्य केन्द्रका लागि आबश्यक पर्ने आयुर्वेदिक औषधि खरिद प्रक्रिया अन्तिम चरणमा रहेको ।

**कृषि तथा पशुसेवा शाखाः**

**कृषि बिकास शाखा तर्फ**

कृषि विकास तर्फ पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम सम्पन्न भएको र अन्य कार्यक्रमहरु को सूचना प्रकाशन भई आवेदन संकलन भएको र लाभान्वित कृषक/ सहकारी /समूह/ फर्मको छनोटको प्रकृयामा रहेको ।

| सि नं | क्रियाकलाप | हालसम्म भएका कार्यहरु |
|---|---|---|
| १ | पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम | ९ जना कृषकले १२४ कठ्ठामा सयपत्री फुूल खेती गरेको भुक्तानीको लागि अनुगमनको कार्य भईरहेको । |
| २ | मकै बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत मागमा आधारित साना कृषि मेशिनरी औजार ५०% अनुदानमा वितरण | ७ जना कृषकको आबेदन प्राप्त भएको, छनौटको लागी अनुगमनको कार्य भईरहेको |
| ३ | मागमा आधारित केरा प्रवर्द्धन कार्यक्रम | १२ जना कृषकको आबेदन प्राप्त भएको, छनौटको लागी अनुगमनको कार्य भईरहेको । |
| ४ | प्राङ्गारिक खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत भर्मी कम्पोष्ट (गड्यौले मल) ८० % अनुदानमा वितरण कार्यक्रम | ५ जना कृषकको आबेदन प्राप्त भएको, छनौटको लागी अनुगमनको कार्य भईरहेको । |
| ५ | मागमा आधारित कागती तथा मेवा खेति प्रवर्द्धन कार्यक्रम | १० जना कृषकको आबेदन प्राप्त भएको, छनौटको लागी अनुगमनको कार्य भईरहेको । |
| ६ | लागत साझेदारीमा नविनतम कृषि औजार उपकरण वितरण कार्यक्रम, मकै छर्ने, छोडाउने, | १०६ जना कृषकको आबेदन प्राप्त भएको ,छनौटको लागी अनुगमनको कार्य भईरहेको । |

| | | |
|---|---|---|
| | टिलर, तराजु, ड्रायरजस्ता, उपकरणमा ५०प्रतिशत अनुदान | |
| ८ | सामूहिक खेती गर्ने कृषक समूह तथा सहकारी संस्था मार्फत कार्यक्रममा ५० प्रतिशत अनुदान सहयोग | २ बटा कृषक समुह सहकारीबाट आबेदन प्राप्त भएको, छनौटको लागी अनुगमनको कार्य भईरहेको। |
| ९ | लागत साझेदारीमा साना तथा मझौला सिँचाई आयोजना निर्माण तथा मर्मत कार्यक्रममा ५० प्रतिशत | १८ वटा उपभोक्ताबाट आबेदन प्राप्त भएको, छनौटको लागी अनुगमनको कार्य भईरहेको। |

**मल व्यूवस्थापन तर्फः**

सवै वडाहरूमा मल प्राप्तिको लागि कृषक मलकार्ड लागु गरिएको। मलकार्ड लागु भए पश्चात अनावश्यक मल माग गर्ने वा भण्डारण गर्ने कार्य कम भएको छ।

**आ.व. २०८०/८१ कात्तिक २० गतेसम्म प्राप्त जम्मा रसायनिक मल आपुर्ति भएको मलको परिमाण**

- युरिया –५००० बोरा डि ए पी – ३१६५ बोरा.
- म्युरेट अफ पोटास - ५९५ बोरा मे.ट.

**बिक्रेताहरुः** कृषि सहकारीहरु: ८ वटा सहकारीहरु ४ वटा एग्रोभेटहरु: ११ वटा

कृषकको खेतबारीमा देखिएका समस्याहरुको नियमित अनुगमन भएको।

१७५ जना कृषकलाई कृषि सम्बन्धि प्राबिधिक सेवा प्रदान गरिएको।

**पशु सेवा तर्फः**

***हालसम्म सम्पादन भएका मुख्य क्रियाकलापहरूः***

- बिश्व रेविज दिवशको अवसरमा निजी तथा सामुदायिक कुकुर ५५८ र ४७ वटा बिरालो गरि हाल सम्मः ६०५ लाई रेविज बिरुद्ध खोप लगाएको छ।
- पशुपन्छी उपचार र परजिवि नियन्त्रण सेवा तर्फ ८४२३ वटा पशुहरुमा उपचार तथा निशुल्क औषधि बितरण गरिएको छ।
- प्रयोगशाला सेवा तर्फ ३९५ पशुहरुको गोवर तथा दुध परिक्षण गरिएको छ।
- बोका बन्ध्याकरण सेवा तर्फ ३८३ वटा बोकालाई बन्ध्याकरण गरिएको छ।
- गाई भैसीमा लाग्ने लम्पीस्किन रोग विरुद्ध खोप लगाउने कार्यक्रममा दु.उ.सहकारी संस्थाहरुको सहकार्यमा जम्मा ६१९५ गाई भैंसीहरुलाई निशुल्क खोप सेवा प्रदान गरिएको छ।
- पशु उत्पादकत्व वृद्धि गराउने खालको घाँसको विउ बिजन र विरुवा उपलब्धताको लागि कार्यक्रम अन्तरगत ५९०० के.जि. हिउदे घाँसको बीउ खरिद गरी निःशुल्क बितरण गरिएको छ।
- नश्ल सुधारको लागि कृत्रिम गर्भाधान सेवा तर्फ १३४७ वटा गाई भैंसीहरुमा कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको।
- ३९जना कृषकले बिमा कम्पनीबाट गाई/भैंसी मृत्यु बापत बिमाबाट पाउने रकम भूक्तानीको लागि सिफारिस गरिएको।

**पशुसेवा शाखाबाट भैरहेका क्रियाकलापहरूः**

| सि नं | क्रियाकलाप | हालसम्म भएका कार्यहरु |
|---|---|---|
| १ | गाई भैसीमा लाग्ने लम्पीस्किन रोग विरुद्ध खोप लगाउने कार्यक्रम | सम्पन्न |
| २ | विश्व रेविज दिवस तथा रेविज विरुद्ध भ्यक्सिनेसन कार्यक्रम | सम्पन्न |
| ३ | पशु उत्पादकत्व वृद्धि गराउने खालको घाँसको विउ बिजन र विरुवा उपलब्धताको लागि कार्यक्रम अन्तरगत हिउदे घाँसको बीउ बीतरण | हिउदे घाँसको बीउ खरिद गरि बितरण कार्य सम्पन्न |
| ४ | परजिवि नियन्त्रण र उपचार सेवाको लागि औषधि खरिद | खरिद प्रक्रियामा टेण्डरको सूचना प्रकासन |
| ५ | पशुमा नश्ल सुधारको लागि कृत्रिम गर्भाधान कार्यक्रम | निरन्तर भैरहेको |
| ६ | गाईभैसीको गोठ सुधार | सूचना प्रकाशन |
| ७ | च्यापकटर वितरण कार्यविधि अनुसार छनौट भएका किसानहरुको लागि | सूचना प्रकाशन |
| ८ | बाख्राको खोर सुधार कार्यक्रममा अनुदान कार्यक्रम निरन्तरता ४ वटा खोरको लागि | सूचना प्रकाशन |
| ९ | ह्विल व्यारो बितरण | सूचना प्रकाशन |
| १० | मत्स्य विकास कार्यक्रम | सूचना प्रकाशन |
| ११ | पशुपंक्षिको आहारा दानाको उत्पादनको लागि कम्बाइन मिल वितरण | सूचना प्रकाशन |

| | | |
|---|---|---|
| १२ | नश्ल सुधार कार्यक्रम प्रजनन जन्य उन्नत ब्याडे बोका वितरण तथा हस्तान्तरण (८० प्रतिशत अनुदानको कृषकको तर्फबाट २० प्रतिशत लागत साझेदारी रहने) | सूचना प्रकाशन |

**भवन तथा बस्ती विकास शाखा र स्थानीय भूमि परिषद्**

१. **घर नक्सा पास तर्फ**

| सि.नं | सूचना जारी गरेको संख्या | प्रथम चरण इजाजत ( अस्थायी संख्या) | दोस्रो इजाजत (स्थायी संख्या) | निर्माण सम्पन्न संख्या |
|---|---|---|---|---|
| १. | ६ | २ | ५ | १२ |

२. **घर अभिलेखीकरण कार्य तर्फ (आ.व २०८०/०८१)**

| सि.नं | सूचना जारी गरेको संख्या | घर अभिलेखीकरण सम्पन्न संख्या |
|---|---|---|
| १. | २२८ | ४० |

३. **घर मूल्यांकन ( मालपोत रजिस्ट्रेसन प्रयोजनको लागि )**

| सि.नं | मूल्यांकन संख्या | कैफियत |
|---|---|---|
| | | |

| | | |
|---|---|---|
| ९. | १६<br>( मिति २०७९/११/०५ को कार्यपालिका बैठकको निर्णयानुसार मिति २०८०/०५/२७ देखि वडालाई मूल्यांकनको अधिकार प्रत्यायोजन भएको) | ( मालपोत रजिस्ट्रेसन प्रयोजनको लागि ) |

४. **अमिन माग तर्फ**

| सि.नं | अमिन सेवाको माग संख्या | अमिन सेवा दिईएको संख्या | कैफियत |
|---|---|---|---|
| १. | ४४ | २५ | बाकी १९ वटा अमिन माग निबेदन दिइ मानिस सम्पर्कमा नआएको र जग्गा वर्गिकरणको सिफारिश कामको कारणले हुन नसकेको |

**स्थानीय भूमि परिषद् तर्फ**

१. कुल बैठक निर्णय: ११ वटा

२. जग्गा बर्गीकरण सिफारिश संख्या : भू उपयोग बर्गीकरण भई १८५५ वटा जग्गाधनीको बर्गीकरण सिफारिश प्रदान गरिएको र मिति २०८०/०६/३० गतेको भू-उपयोग परिषद्को र नगर कार्यपालिकाको बैठक निर्णयबाट जग्गा वर्गीकरण गरी सिफारिश गर्ने अधिकार वडा कार्यालयलाई जिम्मेवारी प्रदान गरिएको।

३.आर्थिक बर्ष २०८०/८१ मा बाटो लगतकट्टा संख्या = ६

४. कालिका नगरपालिका भू उपयोग वर्गीकरण कार्यबिधि २०७९ र जग्गा बर्गीकरण मापदण्ड २०७९ तयार गरी जग्गा बर्गीकरण कार्य सुचारु।

५. कालिका नगरपालिका भवण निर्माण तथा नक्शा पास निर्देशिका २०८० र कालिका नगरपालिका भवन निर्माण तथा नक्सा पास निर्देशिका २०८० लागु गरि गरि घर नक्शा पास र घर अभिलेखीकरण कार्यको भईराखेको ।

**भूमि आयोगको काम सम्बन्धीः**

जम्मा जमिन नाँपजाँचको अवस्थाः वडा नं. १,२,३,४,५,६,७ र ८ मा

जम्मा परिवार संख्याः ३७९५

नापी भएको जग्गा क्षेत्रफलः ४८६ विगाह

नापी सम्पन्न जग्गा कित्ता संख्याः ५१९६

अब जमिन नापजाँच हुन बाँकी क्षेत्रः वडा नं ९,१० र ११ तथा वडा नं. ३ र ८ केहि नापी कार्य बाँकी

**उद्योग दर्ता सम्बन्धीः**

हाल सम्मको उद्योग दर्ताको अवस्थाः २५

नविकरण भएको जम्माः २७

बजार अनुगमनः १ पटक १४३ वटा पसल

कार्यक्रम संचालन मोडरेटर श्री सन्त कुमार महतोले गर्नु भएको थियो। उक्त कार्यक्रममा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन कार्यविधि २०६७ अनुसार अनुसूची २ नागरिक प्रतिवेदन (Citizen Report card) र अनुसूची ३ सेवाग्राही बहिगमन रिपोर्ट प्रस्तुत गरिएको थियो। जसमा अधिकाश कालिका नगरपालिकाको सेवा प्रवाहलाई सुधार गरि नतिजा हासिल गर्न र पूर्वाधार कार्यको गुणस्तर बृदि गर्न सुझाव प्राप्त भएको थियो।

कालिका नगरपालिकाले भए गरेका कार्यहरुको बिवरण प्रस्तुत पश्चात विभिन्न व्यक्तिहरुले सार्वजनिक सुनुवाई कार्यक्रममा देहायका बिषयमा आ- आफ्नो धारणा प्रस्तुत गर्नु भएको थियो।

क० रोजगार र सीप विकासका कार्यक्रमहरुलाई जोड दिइनुपर्ने ।

ख० सार्वजनिक सुनुवाईलाई प्रभावकारी बनाउने , पारदर्शिता , जवाफदेहिता मा जोड।

ग० उद्योग दर्ता र नवीकरणका बिषयहरु उद्योग दर्ता भए अनुसार नविकरण नभएको हुदा के कति कारणले नविकरण नभएका हुन बुझ्नुपर्ने।

घ० व्यापार व्यवसाय दर्ता व्यवस्थापन सेवा सुविधाका बिषयहरु।

ङ० बैंक ब्याज र यसबाट सिर्जित समस्याहरु।

च० जग्गाको बर्गिकरण र कित्ताकाट सम्बन्धि बिषयहरुलाई सहज सरलीकरण गरिनुपर्ने।

छ० कृषि उत्पादन मल बिउ बिजनको उपलब्धता र पशुपालनलाई प्राथमिकता दिई सहजीकरण गरिनुपर्ने।

ज० शिक्षाको गुणस्तर अनुगमन गरी कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने सम्बन्धि विषेश जोड।

**झ.** कालिका नगर अस्पतालको सेवा र बिमाको औसधि सरलीकरण तरिकाले उपलब्ध सम्बन्धि बिषयलाई जोड।

१. <u>उठेका सवाल र सुधार गर्नुपर्ने विषयका सन्दर्भमा कालिका नगरपालिकाको तर्फबाट प्रतिवद्धताः</u>

१. सार्वजनिक सुनुवाईमा सेवाग्राहीको संख्यामा उल्लेखनीय वृद्धि गरिने छ। कार्यक्रमको प्रभावकारिता ल्याउन नगर क्षेत्रका सेवा प्रदायक संस्थाको समेत उपस्थिति गराईने र प्रचार प्रसारमा जोड दिईनेछ।

२. कालिका नगर अस्पतालबाट प्रदान गरिने सेवालाई बढी प्रभावकारी बनाई सेवा केन्द्रित हुन सुधारका कार्यक्रम संचालन गरिनुका साथै बिमा कार्यक्रमबाट प्रदान गरिने औसधी व्यवस्थित गरि सेवालाई सुधार गरिनेछ।

३. सार्वजनिक सुनुवाई कार्यक्रम हुनु पुर्व नै नगरपालिकाको आय व्यय र कार्य विवरण पहिले नै सार्वजनिकिकरण गरिने छ।

४. शिक्षामा लगानी भए अनुसार प्रतिफल कम भएकोले आगामी दिनमा शिक्षा तर्फ अनुगमन बढाईने छ।

५. बालबालिकामा बढ्दै गईरहेको कुलत र दुर्व्यसनी कम गर्न बालबालिकालाई मनोपरामर्श सेवामा वृद्दि गरिनेछ।

६. चेपाङका लागी स्वास्थ्य विमा सम्बन्धि कार्यक्रमलाई नगरपालिकाले अगाडि बढाउने छ।

नगरप्रमुख तथा सार्वजनिक सुनुवाई कार्यक्रमका अध्यक्षबाट समापन मन्तब्य साथ कार्यक्रमको समापन चियापान

कार्यक्रमको अन्त्यमा नगरपालिकाका नगर प्रमुख श्री बिनोद रेग्मी ज्युले सेवाग्राहीले उठाएका प्रश्न सुझावहरुलाई समेटी आफ्नो धारणा ब्यक्त गर्नु हुदै सबै बिषयबस्तुलाई गम्भीरताका साथ लिईएको, आगामी दिनमा सकारात्मक सुधार भएको महसुस गर्ने गरि कार्यक्रम संचालन गर्ने र नगरको विकास र सम्बृद्धिका लागि आफु लागि परेको, यस्ता सुझावले थप हौसला, प्रेरणा मिलेको भन्दै कार्यक्रममा सहभागी हुने सबैलाई धन्यवाद दिदै कार्यक्रम समापन गर्नु भएको थियो। कार्यक्रम करिव ५:०० बजे सम्म संचालन भै समापन गरिएको थियो।

धन्यबाद

प्रतिवेदक:

प्रकाश चन्द्र पौडेल

शाखा अधिकृत